Email:mosdkailali07@gmail.com
Website: mosd.sudurpashchim.gov.np
०९१-५२४५६३ (प्रशासन)
०९१-५२७१०६ (उच्च शिक्षा)
०९१-५२६०५८ (कानून शाखा)
०९१-५२६०५८ (स्वास्थ्य शाखा)

# सुदूरपश्चिम प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय

कैलाली, नेपाल

सूचना प्रकाशन मिति: २०८१।२।२९

**विषय: प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।**

यस मन्त्रालयको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार ज्येष्ठ नागरिक क्लब गठन तथा दिवा सेवा केन्द्र सञ्चालन कार्यक्रम रहेको, सो कार्यक्रम कार्यान्वयनका लागि प्रदेश भित्र रहेका ज्येष्ठ नागरिक क्लब तथा दिवा सेवा केन्द्र, वृद्धाश्रमहरु सञ्चालन तथा व्यवस्थापन, मर्मत सम्भार लगाएतका कार्यहरु गर्नका लागि ज्येष्ठ नागरिक क्लब, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र तथा वृद्धाश्रमले देहाय अनुसारका आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस मन्त्रालयमा प्रस्ताव पेश गर्न हुन जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. <u>आवश्यक कागजातहरु:</u>

(क) निवेदन/प्रस्ताव
(ख) संस्था दर्ता, नवीकरण प्रमाण पत्रको प्रतिलिपि,
(ग) गत आर्थिक वर्षको लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि,
(घ) संस्थाको विधानको प्रतिलिपि र संस्थाको संक्षिप्त प्रोफाइल,
(ङ) संस्थाले कार्यक्रमका लागि रकम माग गरेको निर्णयको प्रतिलिपी
(च) स्थानीय तहको सिफारिस
(छ) मर्मत सम्भार कार्यका लागि भए मान्यता प्राप्त प्राविधिकबाट पेश भएको लागत अनुमान ।

२. <u>सहयोग गरिने क्षेत्रहरु:</u>

(क) ज्येष्ठ नागरिक क्लब व्यवस्थापन तथा सञ्चालन
(ख) ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन
(ग) वृद्धाश्रम भवनको मर्मत संभार

३. <u>कार्यक्रमका लागि संस्था छनौट गर्ने प्रकृया र सहयोग रकम :</u>

क) मन्त्रालयले तोकिएको अवधी भित्र रितपुर्वक पेश भएका प्रस्तावको अध्ययन गरी कार्यक्रमको औचित्यता र आवश्यकताका आधारमा मूल्याङ्कन गरी संस्था छनौट र रकम निर्धारण गरिनेछ।
ख) म्याद नाघी आएका र रित नपुगेका प्रस्ताव मूल्याङ्कनमा समावेश गरिने छैन।
ग) कार्यक्रम प्रस्ताव गर्दा कर्मचारी तथा पदाधिकारीको तलब भत्तामा खर्च गर्न पाईने छैन ।
घ) बजेट सिमा: ज्येष्ठ नागरिक क्लब तथा दिवा सेवा केन्द्र सञ्चालन तथा व्यस्थापनका लागि प्रति संस्था बढीमा रु. १ लाख र वृद्धाश्रमलाई मर्मत सम्भारका लागि अधिकतम् रु ४ लाख हुनेछ ।